श्री घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ३१ औं बैठक

मितिः २०७६।०२।१०

## निर्णयहरू

१. गण्डकी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयमा सो मन्त्रालयबाट माग भई आए बमोजिम आर्थिक वर्ष २०७६।७७ को योजना तथा कार्यक्रममा निम्नानुसारका दुई योजनाहरू छनौट गरी पठाउने ।

क. समपूरक तर्फः मार्फा याकखर्क देखि धौलागिरी बेसक्याम्पसम्म जाने पर्यटन बाटो, वडा नं. २
ख. विशेष अनुदान तर्फः ठिनी खानेपानी योजना वडा नं. ५

२. यस गाउँपालिका अन्तर्गतका न्यूनतम विद्यार्थी संख्या भएका छैरो आधारभूत विद्यालय र ढुम्वा आधारभूत विद्यालयबाट १।१ जना शिक्षक दरबन्दी कटौती गरी ती दरबन्दीहरू क्रमशः जनहित माध्यमिक विद्यालय र जनकल्याण आधारभूत विद्यालय, स्याङमा थप गर्ने गरी सामाजिक विकास समितिको सिफारिस भई आएकाले सोही बमोजिम दरबन्दी हेरफेर गर्ने ।

३. सबै वडा कार्यालयहरूमा इन्टरनेटको पहूँच बढाउने तथा जनप्रतिनिधिज्यूहरू तथा कर्मचारीहरूले सकेसम्म पत्राचार सोही माध्यमबाट गर्ने ।

४. वडा नं. १ स्थित चिमाङ आधारभूत विद्यालयमा पूर्व बाल विकास कार्यक्रम –ECD व्यवस्थापन गर्नको लागि यसै आर्थिक वर्षमा रू. ५० हजार बजेट व्यवस्था गर्ने ।

५. चालू आर्थिक वर्षका कार्यान्वयनमा रहेका सबै योजना तथा कार्यक्रमहरूलाई छिटो छरितो तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै वडा समितिहरूले अझै सक्रियतापूर्वक कार्य गर्ने ।

६. आगामी आर्थिक वर्षको योजना तर्जूमा सम्बन्धमा निम्नानुसार बमोजिम वडास्तरमा वडास्तरीय योजना तर्जूमा बैठक आयोजना गर्ने । तथा ती कार्यक्रमहरूमा आलोपालो मिलाएर सकेसम्म कार्यपालिकाका सदस्यज्यूहरू सबै सहभागी हुने ।

वडा नं. १ – २०७६ साल जेठ ३२ गते
वडा नं. २ – २०७६ साल जेठ ३१ गते
वडा नं. ३ – २०७६ साल जेठ ३० गते
वडा नं. ४ – २०७६ साल जेठ २९ गते
वडा नं. ५ – २०७६ साल जेठ २८ गते

७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यही जेठ महिनाको १८, १९ गते तथा राष्ट्रिय मानव अधिकार आयोगबाट जेठ महीनाको २५ र २६ गते जोमसोममा आयोजना गर्न लागेका विभिन्न कार्यक्रमहरूको बारेमा कार्यपालिकाका सदस्यज्यूहरूलाई जानकारी गराइयो ।

८. यही आर्थिक वर्षका लागि बैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रद्वारा विनियोजित निम्नानुसारको बजेट निम्नानुसार बमोजिम बाँडफाँड गर्ने ।

- सुधारिएको चुलो वापतको रू ५० हजार बराबरका चुलोहरू गाउँपालिकाद्वारा खरीद गरी तत्पश्चात वितरण गर्ने ।
- सौर्य ऊर्जा प्रविधि जडान कार्यक्रमका लागि जनताको न्यूनतम १० प्रतिशत लागत साझेदारीमा वडा नं. १ स्थित छैरो गाउँमा कार्यान्वयन गर्ने ।
- नीतिगत प्रशासनिक व्यवस्थापन खर्चबाट बचत हुने रकमबाट वडा नं ५ स्थित ढुम्बा तालमा सौर्य ऊर्जा जडान सम्बन्धमा विस्तृत योजना प्रतिवेदन तयार पार्ने ।

९. आगामी आर्थिक वर्षका लागि संघीय सरकार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण तथा प्राकृतिक श्रोत बाँडफाँड तर्फ प्राप्त सिलिङ सम्बन्धमा कार्यपालिकाका सदस्यज्यूहरूलाई जानकारी गराइयो ।

१०. यस गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने प्रारम्भिक कार्य यसै वर्ष विनियोजित बजेटबाट प्रारम्भ गर्ने र अन्य बाँकी कार्यहरू आगामी आर्थिक वर्षमा पूरा गर्ने गरी बजेट व्यवस्था गर्ने ।

११. यस गाउँपालिका अन्तर्गत रहेको मिनी मुस्ताङ परियोजनाको लागि विनियोजित बजेटबाट सोही परियोजनाको लागि निर्माण भएको परियोजना प्रतिवेदनलाई परिमार्जन गर्ने तथा Animation सहितको विस्तृत परियोजना प्रतिवेदन बनाउने । सो कार्यको लागि आवश्यक पर्ने बजेट आगामी बैठकबाट अनुमोदन गर्ने ।

१२. यस गाउँपालिका वडा नं ३, ५ र १ का लागि खरिद गरिएका फर्निचरहरूका लागि नपुग रकम रू २ लाख आवास गृह मर्मत शीर्षकबाट समायोजन गर्ने तथा सूचना प्रविधि अधिकृतका लागि नपुग तलबभत्ता रकम समेत गाउँपालिकाको आन्तरिक कोषबाट व्यवस्थापन गर्ने ।

१३. यस गाउँपालिकाका लागि आवश्यक प्रशासनिक भवन परियोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाको रूपमा निर्णय गरी आवश्यक प्रकृया पूरा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश मार्फत् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

१४. पुथाङ तथा जोमसोम बजारको फोहोरमैला संकलन कार्य यही जेठ महीनाको १८ गतेबाट प्रारम्भ गर्ने । सो कार्यको लागि वडा नं ४ र ३ ले स्थान निर्धारण गर्ने र सोही ठाउँहरूमा संकलन गर्न लगाई आवश्यक परेमा गाउँ कार्यपालिकाको कार्यालयको ढुवानी खर्चमा पोखरा सम्म पठाउने व्यवस्था मिलाउने ।

१५. एयरपोर्ट बसपार्क व्यवस्थापन सम्बन्धमा पूर्ववत् निर्णय कार्यान्वयन नभएको पाईएकाले यस सम्बन्धमा वडा नं ३ कार्यालयलाई कडाइका साथ निर्णय कार्यान्वयन गर्न सम्बन्धित पक्षलाई आवश्यक पत्राचार गर्ने गरी यस कार्यालयबाट पत्राचार गर्ने । सो कार्यमा सरोकारवाला निकाय

तथा व्यक्तिहरूले असहयोग गरेमा कानून बमोजिम आवश्यक कारवाही समेत अगाडि बढाउने । साथै गाउँपालिका तथा अनुगमन समितिबाट समेत प्रभावकारी अनुगमन निरीक्षण गर्ने ।

१६. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि निम्नानुसारको स्थानीय निर्देशक समिति गठन गर्ने तथा यसै आर्थिक वर्षका लागि प्राप्त बजेट सम्बन्धमा निर्देशिका बमोजिम सबै वडा कार्यालयहरूले एक एक वटा योजना छनौट गरी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

- अध्यक्षः श्री आशबहादुर थकालीः गाउँपालिका अध्यक्ष
- सदस्यः श्री सर्मिला गुरूङः गाउँपालिका उपाध्यक्ष
- सदस्यः श्री महेन्द्र थकालीः ३ नं. वडा अध्यक्ष
- सदस्यः श्री यामप्रसाद थकालीः ४ नं. वडा अध्यक्ष
- सदस्य सचिवः श्री नेत्रप्रसाद पौडेलः प्रमुख प्रशासकीय अधिकृत

१७. गणतन्त्र दिवश, २०७६ लाई भव्य रुपमा मनाउन सम्बन्धित निकायहरूबाट प्राप्त निर्णयहरू सम्बन्धमा जानकारी तथा छलफल गरियो ।

१८. वडा नं. ४ र ५ को लागि परम्परागत नाग पूजाः तेरको लागि यस गाउँ कार्यपालिकाबाट रू. १ लाख खर्च व्यवस्था गर्ने ।

१९. २ नं वडा कार्यालय स्थित भोङमर साना कृषि सहकारी संस्थालाई फर्निचर व्यवस्थापन सम्बन्धमा रू. ७५ हजार आर्थिक सहयोग गर्ने ।

२०. विपद् व्यवस्थापन कोष तर्फबाट निम्नानुसारका योजनाहरूमा निम्नानुसार बमोजिम रकम विनियोजन गरी कार्य प्रारम्भ गर्ने ।

निम्नः

वडा नं. १ को कालीगण्डकी तटबन्ध, छैरोः रू ९ लाख

वडा नं. ५ ठीनी काठेपूल मर्मतः रू ५० हजार

स्याङ कालीगण्डकी नदी नियन्त्रण ग्याबीन भर्ने कार्यः रू ३ लाख ५० हजार

गाउँ कार्यपालिकाको कार्यालयबाट ग्यावीन खरीद गर्नको लागिः रू. ७ लाख